कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD: 2057 25th RAJAT JAYANTI 2082

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ७ | वि.सं. २०८३ वैशाख ७ सोमवार | नेपाल संवत्: ११४५, वैशाख शुक्ल तृतीया | Sunday 20 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


इन्धन संकटको असर भान्सामा

# तरकारीमा प्रतिकिलो पाँच रुपैयाँमाथिको मूल्यवृद्धि

**महंगीको चपेटाबाट कर्णाली प्रदेशको राजधानी सुर्खेत पनि अछुतो छैन । स्थानीय उत्पादन कम हुने कर्णालीको खाद्य तथा तरकारी र फलफूलको बजार अन्य प्रदेश र भारतले धानेको छ । इन्धनमा भएको अस्वभाविक मुल्यवृद्धिले ढुवानी महंगो हुँदा दैनिक उपभोग्य सामग्रीको भाउ आकाशिएपछि विशेष गरी विपन्न वर्गका नागरिकहरु मारमा पर्न थालेका छन् ।**

**ओम शाही**
**सुर्खेत, ६ बैशाख ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद आशिका तामाङले आइतबार सामाजिक सञ्जाल फेसबुकमा एक पोष्ट शेयर गरिन । उक्त पोष्टमा उनले एक हातले पाकेको केरा समाएकी छन् भने, अर्को हातले केरातर्फ इङ्गित गर्दै भनेकी छन्, 'केरा नै केरा फल्ने देशमा एक दर्जनको तीन सय ५०, जताततै केरा नै केरा फलिरहेको देख्छु बारीभरि, तर पनि यति महँगो छ भनेर आजै थाहा भयो ।' उनले कुनै फरक प्रसंगवस वा घटना विशेषमा बोलेकी थिइनन् ।

यो उनको सांकेतिक विरोध थियो, जो अहिले मध्यपूर्वको तनाव र सरकारको नीतिका कारण सर्वत्र बनेको चर्को मूल्यवृद्धि लक्षित थियो । मध्यपूर्वमा इरानमाथि अमेरिका र इजरायलले थालेको युद्धका कारण अहिले विश्वभर इन्धन आपूर्तिको श्रृंखला बिग्रिएको छ । विश्वको २० प्रतिश इन्धन आपूर्ति हुने स्टेट अफ हर्मुजमा इरानले अवरोध कायम राखेपछिको असर नेपाली उपभोक्ताको समर्ग दैनिकी चर्को मूल्यवृद्धिले ढाकेको छ ।

दैनिक उपभोग्यवस्तुहरु छोइनसक्नु बनेको उपभोक्ताको गुनासो छ । पेट्रोलियमजन्य पदार्थमा भइरहेको भारी मूल्यवृद्धिका कारण देशभरका उपभोक्ताहरुले जताततै मार खेपरिहेका छन् । उनीहरुको भान्सा अचाक्ली महंगिएको छ । महंगीको चपेटाबाट कर्णाली प्रदेशको राजधानी सुर्खेत पनि अछुतो छैन ।

स्थानीय उत्पादन कम हुने कर्णालीको खाद्य तथा तरकारी र फलफूलको बजार अन्य प्रदेश र भारतले धानेको छ । इन्धनमा भएको अस्वभाविक मुल्यवृद्धिले ढुवानी महंगो हुँदा दैनिक उपभोग्य सामग्रीको भाउ आकाशिएपछि विशेष गरी विपन्न वर्गका नागरिकहरु मारमा पर्न थालेका छन् ।

वीरेन्द्रनगर-३, कि संगिता विकको भान्सामा अहिले हरियो तरकारी खासै पाक्दैन । केही महिनाअघिसम्म सामान्य रहेको तरकारीको बजार भाउ पछिल्लो समय बढ्न थालेपछि हरियो तरकारी किन्न छाडेको उनी बताउँछिन् । 'अहिले हरेक तरकारीको मूल्य पहिलेको भन्दा प्रतिकिलो पाँचदेखि १० रुपैयाँ बढेको छ,' उनी भन्छिन्, 'चामल, नुन, दाल, तेल र ग्यासको भाउ त भन्नै भएन ।'

वीरेन्द्रनगर-१, की सारदा खड्काको अनुभुति पनि उस्तै छ । जताततै भएको मुल्यवृद्धिले भान्सामा मात्र नभई हरेक वस्तु खरिदमा असर पर्न थालेको उनले बताइन । उनले यातायातको भाडासमेत बढ्दा समस्या भएको गुनासो गरिन् । विक र खड्का प्रतिनिधिमुलक पात्र मात्रै हुन, जो इन्धनमा भइरहेको चर्को मुल्यवृद्धिले देशभरका गृहणीको भान्सा दिनप्रतिदिन मंहगो बन्दै गएको छ ।

वीरेन्द्रनगरका साथै कर्णालीका अधिकांश जिल्लाको तरकारी तथा फलफूलको माग बुलबुले कृषि हाट बजारले धान्दै गर्दै आएको छ । उक्त हाटबजारमा कर्णाली प्रदेशका साथै अन्य प्रदेश र भारतबाट आउने तरकारी तथा फलफूलको आयात हुन्छ । यहीबाट कर्णालीका अन्य जिल्लामासमेत तरकारी तथा फलफूहरु जाने गर्छ ।

तर इन्धनमा भएको मुल्यवृद्धिले अहिले बुलबुले हाट बजार पनि महंगो बनेको छ । बुलबुले कृषि हाट बजारका व्यवस्थापक केशर रास्कोटीले ढुवानी मूल्य बढेपछि तरकारी तथा फलफूलको भाउ पनि दैनिक फरक पर्न थालेको बताउँछन् ।

व्यवस्थापक रास्कोटी मगर भन्छन्, 'यो सिजनमा स्थानीयस्तरमा हरियो तरकारी कम उत्पादन हुन्छ । मागअनुसारको तरकारी आपूर्ति बाहिरबाटै हुनेगर्छ । विशेष गरी कर्णालीमा हरियो तरकारीहरु चितवनबाट आउँछ । इन्धनमा मुल्य बृद्धि भएसँगै ढुवानी महंगो पर्न थालेपछि तरकारीको मुल्य पनि बढ्न थालेको अवस्था छ ।'

पेट्रोलियम पदार्थमा भएको भारी मुल्यवृद्धिका कारण फलफूलको भाउ पनि बढ्न थालेको उनी बताउँछन् । इन्धनमा बढेको मुल्यका कारण दुरी अनुसार प्रतिकिलो पाँचदेखि १० रुपैयाँसम्म तरकारी तथा फलफूल ढुवानीमा अतिरिक्त भाडा तिर्नु परिरहेको बुलबुले कृषि हाट बजारस्थित बिन्दु तरकारी मण्डीका सञ्चालक बखत शाही बताउँछन् ।

यसरी ढुवानीमा तिर्नुपरेको मूल्य तरकारीमा समायोजन गर्दा १० रुपैयाँसम्म भाउ बढेको शाहीले बताए । इन्धनको मूल्य नियन्त्रण नभए यो श्रृंखला बढ्दै जाने उनको भनाई छ । यसको सोझो असर उपभोक्तालाई पर्ने शाही बताउँछन् ।

'अहिलेकै अवस्थामा पेट्रोलियम पदार्थको पुनः मूल्यवृद्धि भएको खण्डमा उत्पादनको लागतसँगै ढुवानी खर्च बढ्ने हुँदा उपभोक्ताले चर्को मूल्य चुकाउनु पर्ने अवस्था आउन सक्छ । हामीले उपभोक्तालाई राहत पुग्नेगरी तरकारी तथा फलफूल विक्रिवितरण गरिहेका छौं । तर यसैगरी इन्धनको मूल्य बढ्दै जादा चुनौती भने थपिने देखिन्छ,' शाहीले भने ।



## उपभोक्तालाई राहत हुने प्याकेज ल्याउन माग

इन्धन संकटको विश्वव्यापी असरले उपभोक्ताका दैनिक आवश्यकता परि पूर्तिमा असर परेकाले तत्काल विशेष प्याकेज ल्याएर भएपनि सरकारले महंगी नियन्त्रण गर्नुपर्ने बताउँछन् उपभोक्ता हित संरक्षण मञ्चका कर्णाली प्रदेश अध्यक्ष विन्दुलाल रेग्मी ।

'अन्तराष्ट्रिय बजारमा तेलको मूल्यवृद्धि हुँदा त्यसको असर हामी कहाँ पर्नु स्वभाविक हो । तर अरु बेलाभन्दा यो समय संकटको हो । सधैं मूल्यवृद्धि त हुँदैन । त्यस्तो बेलामा छुट दिनुको साटो आयाल निगमलाई मात्र जिम्मा दिएर सरकार पन्छिन खोजेको छ । यो उपभोक्ता अधिकारविपरितको कार्य हो,' उनले भने ।

मूल्यवृद्धिको असर दैनिक उपभोग्य विक्रि वितरण हुने बजारदेखि शिक्षा, स्वास्थ्य, यातायात लगायत सम्पूर्ण क्षेत्रमा परिसकेकाले महंगीको प्रत्यक्ष मारबाट उपभोक्तालाई जोगाउने दायित्वबाट राज्य भाग्न नमिल्ने उनको धारणा छ । अन्तराष्ट्रिय तनावलाई देखाएर सरकार पन्छिन नहुने पनि उनले बताए ।

## जमुनाह नाकामा भन्सार कडाई रुपैडिहा बजार सुनसान

**सरला सुवेदी**
**बाँके, ६ बैशाख ।**



नेपाल-भारत सीमास्थित जमुनाह नाकामा सय रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने प्रावधान कडाइका साथ कार्यान्वयन हुन थालेपछि नेपाली ग्राहकहरू सीमापार किनमेल गर्न हच्किएका छन् । यसको प्रत्यक्ष असर भारतीय सीमावर्ती बजार रुपैडिया मा देखिएको छ, जहाँ पछिल्ला केही दिनयता व्यापार उल्लेख्य रूपमा घट्दै बजार सुनसानजस्तै बन्न थालेको छ ।

सरकारले भन्सार महसुल ऐन, २०८१ को दफा १३ उपदफा (३) अनुसार जेठ १५ गतेदेखि यात्रुले ल्याउने सय रुपैयाँभन्दा माथिको सामानमा अनिवार्य भन्सार तिर्नुपर्ने व्यवस्था लागू गरेको थियो । प्रारम्भिक चरणमा यसको प्रभावकारी कार्यान्वयन हुन नसके पनि अहिले भने सम्बन्धित निकायले कडाइका साथ नियम लागू गर्न थालेका छन् ।

विशेषगरी नेपाली सुरक्षाफोर्सले माइकिङमार्फत सर्वसाधारणलाई सचेत गराउँदै भन्सार असुलीमा कडाइ गरेको छ । सानो परिमाणका सामान किन्दा पनि भन्सार

बाँकी २ पेजमा

## इलाका प्रशासन कार्यालय रास्कोटबाट सोमबारदेखि सेवा सुरु हुने

**युग संवाददाता**
**कालीकोट, ६ बैशाख ।**

जिल्लाको रास्कोट नगरपालिकामा रहेको इलाका प्रशासन कार्यालयबाट सोमबारदेखि सेवा सुरु हुने भएको छ । गत माघ ११ गतेको नेपाल सरकार मन्त्रीपरिषद् बैठकको निर्णयअनुसार यहाँ स्थापना भएको कार्यालयबाट पहिलो पटक सेवा सुरु हुन लागेको हो ।

उक्त कार्यालयबाट अब नागरिकता र राष्ट्रिय परिचयपत्रको आवेदन सङ्कलन तथा कार्ड वितरणलगायत काम हुनेछन् । सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले जिल्ला प्रशासन कार्यालयबाट पाउने सेवाहरूलाई छिटो, सहज र पहुँचयोग्य बनाउने उद्देश्यले अब रास्कोटबाट प्रदान गरिने बताए ।

इलाका प्रशासन कार्यालयबाट रास्कोट नगरपालिका र पलाँता, पचालझरना तथा सान्नीत्रिवेणी गाउँपालिकाका नागरिक लाभान्वित हुने उनले बताए । "यस व्यवस्थाले सेवाग्राहीलाई लामो यात्रा गरी जिल्ला सदरमुकामसम्म आउनुपर्ने झन्झट कम भई सहज रूपमा सेवा प्राप्त हुनेछ । त्यस क्षेत्रका करिब ५० हजार नागरिक लाभान्वित हुनेछन्", सहायक प्रमुख जिल्ला अधिकारी शर्माले भने ।

रास्कोट नगरप्रमुख धर्मराज शाहीले लामो समयदेखि यस क्षेत्रको नागरिकले राख्दै आएको माग सम्बोधन भएकामा खुसी व्यक्त गरे । "यहाँ इलाका प्रशासन कार्यालय राखेर सेवा पाउनुपर्छ भनेर धेरै पहिलेदेखि माग गरिरहेका थियौं । त्यो माग पूरा भएको छ", उनले भने, "अब यस क्षेत्रका नागरिकलाई सदरमुकाम धाउनुपर्ने बाध्यता हटेको छ । यसले समय, खर्च र त्यससँग जोडिएका अन्य समस्या पनि समाधान हुनेछन् ।"


**श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं ।**

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# पैसा दिएर राउटेको जीवन रक्षा हुँदैन

दैलेखको गुराँस गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीको टोली शनिबार पूर्वि सुर्खेतको गुर्भाकोट नगरपालिका-१४ र लेकवेशी नगरपालिका-२, को सिमावर्ती क्षेत्र स्याला गोठेरी पुग्यो। जहाँ लोपोन्मुख राउटे समुदायको बसोवास छ। राउटे वस्तीमा गुराँस गाउँपालिकाको टोली पुग्नुको कारण अन्य नभई सरकारले लोपोन्मुख र सिमान्तकृत समुदायलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षावापतको रकम प्रदान गर्नु थियो । गाउँपालिकाको टोली झोलामा नगद पैसा बोकेर कपडाले छाएको र स्याउलाले बारेको वस्तीमा पुग्दा राउटे समुदायका मानिसहरु उत्साहित देखिन्थे। पालिकाका कर्मचारीहरुले राउटे समुदायका व्यक्तिहरुको नाम रुजु गरेर सामाजिक सुरक्षा भत्ता दिन सुरु गरेपछि राउटे समुदायका महिला तथा पुरुषहरुले तछाड मछाड गरेर रकम बुझे । गाउँपालिका अध्यक्ष टोपबहादुर विसी, उपाध्यक्ष शिवा खड्का र प्रमुख प्रशासकीय अधिकृत डिनायट घर्तीले जनही चार हजारका दरले तीन महिनाको प्रतिव्यक्ति १२ हजार नगद राउटे समुदायका महिला, पुरुष र बालबालिकालाई हस्तान्तरण गरे। पालिकाका अनुसार अनुसार राउटे समुदायका एक सय ३२ जनालाई १५ लाख ८४ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्तावापतको रकम दिइएको छ।


राउटे समुदायलाई गुराँस गाउँपालिकाले परिचयपत्र दिएर आफ्ना नागरिकको दर्जा दिएको छ। सोही कारण पालिकाले तीन वा चार (अन्य समय आवश्यकताको आधारमा) महिनाको अवधिमा राउटेहरुलाई यसैगरी नगद रकम दिदै आएको छ। पछिल्लो समय राउटेहरुलाई दिइने नगदका कारण कमसल खाले मदिराको लत बसेकाले स्वास्थ्यमा गम्भीर असर पर्दै गएको भन्दै नगद दिन बन्द गर्नुपर्ने चौतर्फी उठेको आवाज यो समुदायका सबैले थाहा पाइसकेका छन् । त्यसैले उनीहरु मदिरा सेवन गरकै अवस्थामा भेटिएपनि हामी खादैनौं भन्ने जवाफ दिने गरेका छन् । जसका कारण मानव विकासका क्रममा ढुङ्गेयुगमै छुटेको राउटे समुदाय तीव्र विनासीकरणतर्फ उन्मुख भइरहेको छ। कुनै समय पैसा छोए पाप लाग्छ भन्ने राउटेहरु आफ्नै पौरखमा जिविकोपार्जन गर्थे । एकै ठाउँमा स्थायी बसोवास नगर्ने राउटेहरु वनमा पाइने कुकाठबाट घरायसी प्रयोजनका सामग्री बनाएर दैनिकी चलाउथे । काठबाट बनेका मदुस, पिर्का, कोशी बोकेर नजिकका वस्तीमा जाने र अन्न तथा तरकारीसँग साटेर वस्ती फर्कनु राउटेहरुको दैनिकी हुन्थ्यो । उनीहरुले जंगलमा पाइने बादर मारेर मासुको जोहो गर्थे ।

वनका कन्दमुल राउटे समुदायको छाक टार्ने मेसो बन्थे। अखाद्यवस्तुबाट टाढा रहने राउटे समुदाय झण्डै एक दशकअघिसम्म शारीरिकरुपमा तन्दरुस्त हुन्थे। उनीहरुको आफ्नै भाषा, संस्कृति र रहनसहन हुन्थ्यो । उनीहरु विशेषगरी सुर्खेत र दैलेखका जंगलमा बसाइँ सरि रहन्थे । तर यी सबै अहिले राउटे समुदायका लागि मिथक बनेका छन् । संरक्षणका नाममा राउटेमाथि गरिएको अव्यवहारिक लगानीले उल्टै विनासिने बोटमा उनीहरु छन् । यसर्थ, राउटे समुदायको संरक्षणको दायित्व बहन गर्ने नै हो भने सरकारले उनीहरुको जीवनरक्षा पहिलो प्राथमिकतामा राख्न आवश्यक छ। उनीहरूको जीवनरक्षालाई पहिलो प्राथमिकतामा राखेर मात्रै राउटेको वेशभूषा, संस्कृतिको रक्षामा जोड दिइनु पर्दछ। राउटेको जीवनरक्षाका लागि स्वास्थ्य, सरसफाइ, शिक्षा र पौष्टिक खानामा विशेष ख्याल गर्ने संयत्र निर्माण गर्न ढिला हुँदैछ। अर्को महत्वपूर्ण विषय सरकारले सामाजिक सुरक्षाको नाममा दिदै आएको भत्ताको नीति परिमार्जन गरी नगद प्रवाह रोक्नु पर्दछ। नगदको साटो दैनिक आवश्यकताका वस्तुहरु राज्यका निकायले बस्तीमै आपूर्ति गर्ने व्यवस्था मिलाउन सकेमात्रै राउटेको अस्थित्व जोगाउन सकिन्छ। उनीहरुलाई हानिकारक संस्कार र आनिबानीबाट बाहिर निकाल्न हस्तक्षेपकारी नीति पनि लिन आवश्यक देखिन्छ। यसतर्फ सरकारको बेलैमा ध्यान जाओस् ।

# नयाँ सरकार, नयाँ अवसर



बब्रिम कार्की



बालेन्द्र शाहको नेतृत्वमा रहेको नयाँ सरकारले प्रणालीलाई तीव्र र उग्र तरिकाले हल्लाइरहेको छ। गत भदौ २३ र २४ को विद्रोहपछिको पहिलो चुनावयता नयाँ प्रधानमन्त्री बालेन्द्र शाह र उनको मन्त्रिपरिषद्ले पदभार ग्रहण गरेको २४ घण्टाभन्दा कम समयमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेको थियो।

गत वर्ष प्रदर्शनकारीमाथि भएको घातक दमनमा संलग्न भएको आरोपमा दुबैलाई पक्राउ गरिएको थियो, जसमा ७७ जनाको मृत्यु भएको थियो र धेरै घाइते भएका थिए। सर्वोच्च अदालतको आदेशपश्चात् १२ दिनपछि उनीहरूलाई रिहा गरिएको थियो। पहिलो मन्त्रिपरिषद् बैठकले भ्रष्टाचार नियन्त्रण गर्ने, सार्वजनिक संस्थाहरूको पुनर्संरचना गर्ने र राज्य वितरण प्रणालीलाई आधुनिकीकरण गर्ने दृढ संकल्पलाई संकेत गर्ने महत्त्वाकांक्षी सय बुँदे शासन सुधार अजेन्डा पनि प्रस्तुत गरेको छ। यसैक्रममा नेपाल प्रहरीले मुद्रा निर्मलीकरण मुद्दामा धेरै व्यक्ति र व्यवसायीहरूलाई पक्राउ गरेको छ।

उनीहरूको अजेन्डामा २०४८ सालदेखि हालसम्मका हरेक प्रमुख राजनीतिक व्यक्तित्वको सम्पत्तिको छानबिन गर्ने, भ्रष्टाचार गर्न असम्भव हुने गरी सरकारी सेवाहरूलाई डिजिटलाइज गर्ने र विरोध प्रदर्शनमा सहिद भएकाहरूका परिवारलाई न्याय प्रदान गर्ने समावेश छ। यो पुस्तागत परिवर्तन हो। पुरानो शासक वर्ग बाहिरिएको छ र सामाजिक सञ्जालमा हुर्केका तथा बहानाप्रति शून्य सहनशीलता भएका युवाहरू भित्रिएका छन्।

नयाँ सरकार प्राविधिक रूपमा गतिशील छ र पहिलो सय दिनमा परिवर्तनहरू जनताले महसुस गर्ने गरी देखाउन खोजिरहेको छ। नेपाल भूराजनीतिक चौबाटोमा उभिएको छ, जहाँ भारत, चीन र अमेरिका प्रत्येकका आफ्नै स्वार्थ छन् । परिवर्तनको अवतारका रूपमा हेरिने बालेन्द्र नेपालको राजनीतिक अभिजात वर्गलाई ध्वस्त पारेपछि प्रधानमन्त्री बने । नयाँ सरकारका लागि चुनौती भनेको शक्तिराष्ट्रहरूसँग सन्तुलित सम्बन्ध कायम राख्नु र कुनै पनि भारी नपारी तीन विशाल राष्ट्रहरूसँग औपचारिक असंलग्नता कायम राख्नु हुनेछ।

> नयाँ दिल्लीले आफ्नो तर्फबाट नेपालको सार्वभौमिकताप्रति संवेदनशीलता देखाउँदै नयाँ नेतृत्वसँग चाँडै सम्पर्क गर्नुपर्नेछ। हालै शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको भारत भ्रमणको निमन्त्रणा स्वीकार गरेका छन् र दुवै देशका विदेश मन्त्रालयहरू त्यसको तयारीमा छन्।

चार वर्षअघि मात्र स्थापना भएको पार्टीले नेपालको आधुनिक चुनावी युगमा सबैभन्दा ठुलो जनादेश प्राप्त गर्दै इतिहास रचेको छ। यसले २७५ मध्ये १८२ सिट जितेको छ। शाहले झापा-५ मा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई फराकिलो अन्तरले पराजित गरेका छन् । नेपालको शक्ति संरचना धेरै वर्षदेखि नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी र माओवादी केन्द्रलगायत प्रमुख दलहरूबिच घुम्दै आएको छ। वर्षौंदेखि स्थापित दलहरूप्रति मतदाताको आक्रोश स्पष्ट छ तर यो जितले अझ निर्णायक कुराको संकेत गर्छ- राजनीतिक व्यवस्थालाई पुनर्गठन गर्नुको सट्टा यसलाई पुनःस्थापित गर्ने इच्छाशक्ति।

२०६३ सालमा राजतन्त्रको अन्त्यदेखि नेपालले निराशाजनक आवृत्तिसहित धेरै सरकारले शासन गरेका छन्, जसमध्ये कुनैले पनि पूर्ण कार्यकाल शासन गरेका छैनन् । भ्रष्टाचारका आरोप, संरक्षण सञ्जाल र कमजोर सेवा प्रवाहले जनताको विश्वासलाई कमजोर बनाएको छ। बेरोजगारी दर २० प्रतिशतको आसपासमा पुगेको छ, जुन दक्षिण एसियाकै खराब दरमध्ये एक हो। लाखौं युवा नेपाली खुला सीमा पार गरेर भारत गए वा खाडी मुलुकतर्फ गए, रेमिट्यान्स पठाए, जसले अर्थतन्त्रलाई चलायमान बनायो तर देशको भविष्यलाई खोक्रो बनायो।

बालेन्द्रको विजयले परम्परागत 'भारत समर्थक' वा 'चीन समर्थक' लेबलहरूबाट टाढा रहेर आर्थिक कूटनीति र क्षेत्रीय बजारहरूमा केन्द्रित सम्मानजनक द्विपक्षीय साझेदारीतर्फ परिवर्तनको संकेत गर्छ। उनले पारदर्शिता र मतदातालाई आकर्षित गर्न नेपाल पहिलो भन्ने अवधारणामा ध्यान केन्द्रित गरेका छन्। नयाँ दिल्लीले सार्वभौमिकतामा बढी मुखर हुने युवा नेताका लागि तयार हुनुपर्छ र नेपालको प्राथमिकतालाई सम्मान गर्ने थप स्वतन्त्र दृष्टिकोण अपनाउनुपर्ने हुन सक्छ।

खुला सीमा र नेपालसँग घना आर्थिक तथा सामाजिक सम्बन्ध भएको भारतका लागि काठमाडौंमा राजनीतिक स्थिरता व्यावहारिक आवश्यकता हो। स्पष्ट बहुमत भएको सरकारले लामो समयदेखि रोकिएका कनेक्टिभिटी र पूर्वाधार परियोजनाहरूलाई निरन्तरता दिन र सीमा व्यवस्थापनमा समन्वय सुधार गर्न मद्दत गर्न सक्छ। नयाँ दिल्लीले आफ्नो तर्फबाट नेपालको सार्वभौमिकताप्रति संवेदनशीलता देखाउँदै नयाँ नेतृत्वसँग चाँडै सम्पर्क गर्नुपर्नेछ। हालै शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको भारत भ्रमणको निमन्त्रणा स्वीकार गरेका छन् र दुवै देशका विदेश मन्त्रालयहरू त्यसको तयारीमा छन्। नेपालको राजनीति अब युवा सञ्चालित छ र नयाँ दिल्लीले सम्बन्ध तदनुसार समायोजन गर्नुपर्छ।

पुराना नेताहरूसँग मात्र व्यवहार गर्नुको सट्टा नयाँ दिल्लीले नयाँ पुस्ताका लागि महत् वपूर्ण विषयहरू शिक्षा, रोजगारी र वास्तविक युवा संलग्नतामा ध्यान केन्द्रित गर्नुपर्छ। प्रतिभाशाली विद्यार्थीहरूलाई छात्रवृत्ति र भारतीय उद्योगसँग सम्बन्धित व्यावसायिक कार्यक्रमहरू प्रदान गरी स्नातकहरूलाई आफ्नै देशमा स्टार्टअप निर्माण गर्न प्रोत्साहित गर्न सकिन्छ। कालापानी-लिम्पियाधुरा विवादजस्ता मुद्दाहरूले प्रायः सम्बन्धलाई तनावपूर्ण बनाएका छन्, त्यसैले नयाँ सरकारले रचनात्मक संवादमार्फत समाधान खोज्नुपर्छ।

आलोचकहरूको तर्क छ कि बालेनको नयाँ सरकार युवा छ र राष्ट्रिय स्तरमा परीक्षण गरिएको छैन। शक्तिशाली व्यक्तिहरूलाई पक्राउ गर्दा राजनीतिकरण गरिएको न्याय वा सडक प्रतिक्रियाको जोखिम हुन सक्छ। विरोध प्रदर्शनपछि युवाहरूका अपेक्षा अत्यन्त उच्च छन्। देखिने सुधारहरू चाँडै आएनन् भने जनतामा फेरि निराशा, आवेग र तिक्तता फर्कन सक्छ।

तैपनि नेपालले पुस्तौंदेखि चल्दै आएको पुरानो तरिका छोडेर केही नयाँ प्रयास गरिरहेको छ। नयाँ सरकारका कदम साहसी, निडर र द्रुत गतिका छन्। मानिसहरूले परिवर्तनहरू यति छिटो महसुस गरिरहेका छन्। सय दिने योजना एउटा परीक्षण हो- कडा संरचनात्मक काम सुरु हुनुअघि द्रुत र दृश्यात्मक कार्यमार्फत विश्वास निर्माण गर्न सकिन्छ भन्ने। भारतका लागि अवसर यसको नजिकै छ। आफ्ना युवाहरूलाई साझेदारका रूपमा व्यवहार गर्दै उनीहरूको कक्षाकोठा, स्टार्टअप र महत्त्वाकांक्षामा लगानी गर्नुपर्छ।

*(नागरिक)*

## विश्व

# होर्मुजमा पुनः तनाव, अन्तिम सम्झौता अझै टाढा

**तेहरान, ६ वैशाख ।** इरानले संयुक्त राज्य अमेरिकाले आफ्ना बन्दरगाहहरूमाथिको नौसैनिक नाकाबन्दी नहटाएसम्म होर्मुजको जल डमरूमध्य पूर्ण रूपमा खुला नहुने स्पष्ट पारेसँगै क्षेत्रीय तनाव पुनः चुलिएको छ। केही समयका लागि खुलेको जलमार्ग फेरि अनिश्चित बनेपछि विश्व ऊर्जा बजारमा पनि पुनः चासो र चिन्ता बढेको छ।

इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले टेलिभिजनमार्फत् सम्बोधन गर्दै अमेरिकासँग भइरहेको वार्तामा केही प्रगति भए पनि आधारभूत विषयहरूमा अझै गहिरो मतभेद रहेको बताए। उनका अनुसार अन्तिम शान्ति सम्झौता तत्काल सम्भव देखिँदैन र वार्ता अझै निर्णायक चरणमा पुगेको छैन। इजरायल र अमेरिकासँगको युद्ध अन्त्य गर्ने उद्देश्यले भइरहेको संवादमा धेरै जटिल पक्षहरू बाँकी रहेको उनको भनाइ थियो।

दुई साताका लागि गरिएको युद्धविराम बुधबार समाप्त हुने तयारीमा छ, जसले आगामी अवस्था थप अन्योलपूर्ण बनाएको छ। यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग 'राम्रो वार्ता' भइरहेको दाबी गर्दै तेहरानलाई दबाबमूलक रणनीति नअपनाउन चेतावनी दिए। उनले इरानले होर्मुजमार्फत् अन्तर्राष्ट्रिय समुदायलाई 'ब्ल्याकमेल' गर्न खोजेको आरोप समेत लगाए।

शुक्रबार इरानले लेबनानमा आफ्नो सहयोगी हिजबुल्लाहसँग इजरायलबीच सहमति भएपछि होर्मुज जल डमरूमध्य खुला गरिएको घोषणा गरेको थियो। विश्वको करिब पाँचौं भाग तेल र तरलीकृत प्राकृतिक ग्यास यही मार्गबाट ओसारपसार हुने भएकाले यस निर्णयले विश्व बजारमा राहत दिएको थियो र तेलको मूल्य घटेको थियो। तर अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी कायम राख्ने अडान लिएपछि तेहरानले पुनः जलमार्ग सीमित गर्ने सङ्केत दिएको हो।

"यदि अमेरिकाले नाकाबन्दी हटाएन भने होर्मुजमा आवागमन निश्चित रूपमा सीमित हुनेछ", गालिबफले चेतावनी दिए। यसैबीच इरानका सर्वोच्च नेता मोजताबा खमेनीले लिखित सन्देशमार्फत् इरानी नौसेना अमेरिकाविरुद्ध लड्न पूर्ण रूपमा तयार रहेको उल्लेख गरेका छन्। तनावबीच इरानको रिभोलुसनरी गार्ड्सले अनुमति बिना जल डमरूमध्य पार गर्ने जहाजहरूलाई शत्रुसँगको सहकार्य मानिने र आवश्यक परे 'लक्षित' गरिने चेतावनी दिएको छ। छोटो समयका लागि खुल्दा केही तेल र ग्यास ट्याङ्करहरू पार भए पनि धेरै जहाजहरू पछि हटेका छन् र शनिबार दिउँसोसम्म जलमार्ग प्रायः सुनसान देखिएको ट्र्याकिङ तथ्याङ्कले देखाएको छ।

समुद्री सुरक्षासम्बन्धी बेलायती एजेन्सीले एक ट्याङ्करमाथि गोली प्रहार भएको जानकारी दिएको छ भने भ्यानगार्ड टेक नामक सुरक्षा फर्मका अनुसार इरानी सेनाले खाडी क्षेत्रबाट बाहिरिँदै गरेको एक खाली

बाँकी ४ पेजमा

## जमुनाह...

तिर्नुपर्ने भएपछि सीमापार किनमेलमा जाने नेपाली उपभोक्ताको संख्या घटेको स्थानीय व्यवसायीहरू बताउँछन्। स्थानीय बासिन्दा रामबहादुर थापा भन्छन्, "पहिले त दैनिकजसो रुपैडिहा गएर घरायसी सामान किन्थ्यौं। अहिले सानो सामान ल्याउँदा पनि भन्सार तिर्नुपर्छ भन्ने भएपछि जानै मन लाग्दैन। खर्च झन् बढ्ने भयो।"

त्यस्तै, नेपालगञ्जकी सीता वलीका अनुसार नियम कडाइपछि सीमापार किनमेलको आकर्षण घटेको छ। "अहिले त नेपालमै किन्नु राम्रो लाग्न थालेको छ। उताबाट सस्तो पाइन्थ्यो तर भन्सार तिरेपछि खासै फरक नपर्ने भयो," उनले भनिन्।

स्थानीयका अनुसार पहिले दैनिक रूपमा किनमेलका लागि रुपैडिहा पुग्नेहरूको भीड बाक्लो हुने गर्थ्यो। तर अहिले त्यस्तो चहलपहल हराउँदै गएको छ। यसले सीमावर्ती व्यापारमा प्रत्यक्ष असर पारेको व्यवसायीहरूको भनाई छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ।

**वृष** – राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ।

**मिथुन** – समयको मागअनुसार चल्न नसक्दा व्यवहारमा पछि परिनेछ। सामाजिक कामको जिम्मेवारी बढ्नेछ। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ।

**कर्कट** – गरेका कामबाट फाइदा उठाउन मुस्किलै पर्नेछ। सानातिना काममै अल्झनुपर्दा लक्ष्य प्राप्त नहुन सक्छ। हिसाबकिताबमा होसियार रहनुहोला।

**सिंह** – मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ।

**कन्या** – भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। नयाँ योजनातर्फ अग्रसर भइनेछ। अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ।

**तुला** – अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। कामको मेसो नमिल्दा पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला।

**वृश्चिक** – आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ।

**धनु** – सहयोगीहरूको साथले चिताएका काम सम्पादन हुनेछन्। प्रतिस्पर्धीहरू पछि पर्नेछन्। मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ।

**मकर** – वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ।

**कुम्भ** – अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। भेटघाटमा अलमलिनाले आँटेका काममा बाधा हुनेछ।

**मीन** – अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। छर-छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियार ीसाथ काम लिनुपर्ला।

# अध्ययन बिदामा गएका प्राध्यापक नफर्किंदा त्रिविलाई दुई अर्ब नोक्सानी, फिर्ता गर्न थाले तलबभत्ता

**सिबी अधिकारी/रासस**
**काठमाडौँ, ६ वैशाख ।**

अध्ययन बिदामा गएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापक नफर्किंदा रु दुई अर्ब बढीको नोक्सानी भएको छ। त्रिविको नियमअनुसार शिक्षक-कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउने प्रावधान छ।

विश्वविद्यालयले योग्य, दक्षा र अनुसन्धानमैत्री प्राज्ञिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले तलबसहित अध्ययन बिदा दिने गरेको हो। तर प्रध्यापकहरूले बिदाको चरम दुरुपयोग गरेको पाइएको छ। यससम्बन्धी समाचार प्रकाशित भएपछि त्रिविले अध्ययन बिदामा गएर नफर्किने शिक्षक/कर्मचारीहरूको खोजबिन गर्न डा जीवन काफ्लेको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको थियो। समितिमा कृष्णहरि आचार्य र दीपक तिवारी सदस्य छन३।

उक्त समितिले खोजबिन गर्दा करिब ३९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेको भेटिएको छ। यसबाट त्रिविलाई आर्थिका साथै प्राज्ञिक क्षति पुगेको छ। अध्ययन बिदामा गएका स्थायी शिक्षकको ठाउँमा आंशिक र करारका शिक्षक राख्दा त्रिविलाई थप आर्थिक भार परेको छ।

समितिका संयोजक डा काफ्लेले अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको सङ्ख्या बढ्दा त्रिविले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी व्यहोरिरहेको बताए। "शिक्षक कर्मचारीबाटै अध्ययन बिदामा गएर नफर्किने लापरवाही प्रवृत्तिले विद्यार्थीमा नकारात्मक सन्देश गएको छ", उनले भने, "त्रिविप्रतिको धारणामा असर पनि पुगेको छ।"

त्रिवि कार्यकारी परिषद्‌ले २०८१ पुस २५ गते छानबिन समिति बनाएको थियो। छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका १९१ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २०७ जना गरी कुल ३९८ प्राध्यापक छन्। समितिका संयोजक काफ्लेका अनुसार थप ५०-६० फाइल पनि भेटिएको छ।

त्रिविको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० मा तीन वर्षभन्दा बढी पाँच वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने उल्लेख छ। यदि तीन वर्षको अध्ययन बिदा उपभोग गरेमा कम्तीमा तीन वर्ष विश्वविद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ।

अध्ययन बिदा सकिएपछि शिक्षक नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलबभत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर शिक्षक कर्मचारीले कबुलियतनामा पनि गरेका हुन्छन्। पाँच वर्षसम्म त्रिविको तलब खाने र बिदा सकिएपछि अमेरिका, अष्ट्रेलिया, क्यानडा तथा युरोपका विभिन्न मुलुकमा बस्ने गरेको पाइएको छ।

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा खड्ग केसीले धेरै वर्षदेखि पेचिलो बनिरहेको अध्ययन बिदा दुरुपयोगको विषयलाई त्रिविले आँट गरेर बाहिर ल्याएको उल्लेख गर्नुभयो। उनले भने, "समितिले गरेको अध्ययनमा १९३ जना पाँचवर्षे अध्ययन बिदा सकेर नफर्किएका र अध्ययन बिदा लिएर अध्ययन पूरा नगरेका ४०० भन्दा बढी पाइएको छ।"

शिक्षाध्यक्ष डा केसीका अनुसार विश्वविद्यालयसँग गरेको कबुलियतअनुसार साँवाब्याजसहित फिर्ता गर्न त्रिविले पत्राचार गरेकामा २० जनाले रकम बुझाइसकेका छन्। उनीहरूबाट रु छ करोड रकम फिर्ता भएको छ। अध्ययन बिदा सकिएपछि नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलबभत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर कबुलियतनामा गरिएको हुन्छ। सोही कबुलियतनामाअनुसार रकम फिर्ता गरिरहेका हुन्।



त्रिविले ताकेता गरेपछि ५० जनाभन्दा बढी प्राध्यापक फिर्ता गर्ने प्रक्रियामा छन्। त्रिविका अनुसार नफर्किने प्राध्यापकले प्रतिव्यक्ति कम्तीमा रु १० लाखदेखि रु ५० लाख बढीसम्म फिर्ता गर्नुपर्ने देखिएको छ। डा केसीले भन्नुभयो, "हामी निर्ममतापूर्वक अहिले पनि लागिरहेका छौँ। अब पहिलो चरणमा पैसा नबुझाउनेलाई दोस्रो चरणमा कानुनी परामर्श लिएर नाम सार्वजनिक गर्छौँ, ३५ दिने सूचना अवधिमा पनि सम्पर्कमा नआए सम्बन्धित निकायलाई कारबाहीका लागि सिफारिस गरिनेछ।"

त्रिविको उपप्राध्यापक पदको शिक्षकको सेवा सुविधालाई मात्र आधार मान्ने हो भने एक शिक्षकको रु ४८ हजार ७३७ बेसिक तलब जम्मा आठ ग्रेडबापत रु १३ हजार र कर्मचारी सञ्चयकोष र नागरिक लगानीकोष समेत १०-१० प्रतिशत कट्टी गर्दा रु १२ हजार ३४८ र मासिक बिरामी बिदाबापत रु दुई हजार ५७३, महँगी भत्ता रु दुई हजार र प्राज्ञिक भत्ता रु एक हजार चाडबाड खर्च रु ६१ हजार ७३७ गरी जम्मा वार्षिक रु १० लाख १७ हजार ६३३ को हिसाबले ३९७ शिक्षक कर्मचारीले पाँच वर्षको अवधिमा करिब रु दुई अर्बको हाराहारीमा दुरुपयोग गरेको प्रतिवेदनको प्रारम्भिक विवरणमा छ।

**प्रधानमन्त्री र शिक्षामन्त्रीको चासो**

अध्ययन बिदाको दुरुपयोगका विषयमा सरकारले चासो लिएको छ। प्रधानमन्त्री वालेन्द्र शाह र सरकारको प्रवक्ताको समेत जिम्मेवारी सम्हालेका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमन्त्री सस्मित पोखरेलले चासोका साथ अध्ययन गरिरहेका छन्।

प्रधानमन्त्री शाह र शिक्षामन्त्री पोखरेलको सचिवालयले छानबिन समितिका संयोजक डा काफ्लेसँग छलफल गरेको छ। प्रधानमन्त्री र शिक्षमन्त्रीले चासो देखाएपछि त्रिविले कामलाई थप तीव्रता दिएको छ।

समितिका संयोजक डा काफ्लेले डिन कार्यालय, क्याम्पस, केन्द्रीय विभागलगायतका कार्यालयमा पुगेर नफर्किने प्राध्यापक र कर्मचारीको खोजी गरिरहेको बताए। उनले भने, "पूर्ववत रूपमा आकलन गरिएको सङ्ख्याभन्दा अझ बढी सङ्ख्यामा दुरुपयोगको अवस्था देखिएको छ भने समिति गठनपश्चात् दुरुपयोग गर्नेहरू सार्वजनिक जीवनमा पर्न जाने असरलाई मूल्याङ्कन गरी आफूले दुरुपयोग गरेको क्षतिपूर्ति रकम त्रिवि नियमअनुसार बुझाउन अग्रसर देखिएका छन्।"

डा काफ्लेका अनुसार हालसम्म टोलीले त्रिविका ६० प्रतिशत आङ्गिक क्याम्पस र कार्यालयमा प्रत्यक्ष रूपमा अवलोकन गर्दा अध्ययन बिदा लिई सेवामा नफर्कने शिक्षक कर्मचारीका साथै अध्ययन बिदा लिई उपाधि हासिल गर्न नसक्नेहरूको सङ्ख्या समेत उल्लेख्य रूपमा रहेको पाइएको छ।

त्रिविले विशवविद्यालयअन्तर्गतका क्याम्पस कार्यालयहरूमा कार्यरत स्थानीय शिक्षक तथा कर्मचारीलाई निजहरूको वृत्ति विकासका लागि अध्ययन अध्यापन र अनुसन्धान कार्य गर्न एक वर्षदेखि पाँच वर्षसम्मको अध्ययन बिदा दिने गरेको छ। यसरी अध्ययन बिदाबाट प्राप्त गरेको ज्ञान र सीप विश्वविद्यालयको समग्र हितमा हुने अपेक्षाका साथ एक वर्षदेखि पाँच वर्षसम्मको तलबी अध्ययन बिदा दिने गरेको हो।

अध्ययन बिदामा बसेको शिक्षकहरूले आफूले अध्ययन बिदा उपयोग गरेको समयअनुसार विश्विद्यालयमा सेवा गर्नुपर्ने व्यवस्था गरिएको छ र सोअनुसार सेवा नगर्ने शिक्षक कर्मचारीका लागि दण्ड सजायको समेत व्यवस्था गरिएको छ। अध्ययन बिदामा बसी नफर्कने शिक्षक कर्मचारीलाई त्रिविले पत्र काटेर नफर्किने शिक्षकको विवरण उपलब्ध गराउन सबै निकायलाई भनेको थियो। तर सही विवरण नआएपछि समिति क्याम्पस क्याम्पसमा पुगेर सङ्कलन गर्न लागेको हो।

"समितिले सम्बन्धित क्याम्पसमै पुगेर खोजबिन गरिरहेको छ। ठूलो सङ्ख्यामा शिक्षक र कर्मचारी अध्ययन बिदामा गएर नफर्किएको पाइएको छ", समितिका संयोजक डा काफ्लेले भन्नुभयो। विसं २०४४ यताका सबै फाइल खोजेर अध्ययन गरिरहेको समितिले जनाएको छ। अध्ययन बिदामा गएका त्रिविका कति शिक्षक कर्मचारी फर्किए, कति उतै लुके भन्ने तथ्याङ्क त्रिविसँग थिएन। त्यसैले समिति बनाएर त्रिविले तथ्याङ्क सङ्कलन गरिरहेको हो।

समितिका अनुसार त्रिविका आङ्गिक क्याम्पस/डिन कार्यालय/केन्द्रीय विभागमा खोजबिन सकिएको छ। कति सङ्ख्यामा शिक्षक कर्मचारी विदेशमै लुकेका छन् भन्ने तथ्याङ्क एकैपटक सार्वजनिक गरिने उहाँले बताउनुभयो। असार मसान्तसम्मको समयावधि पाएको समितिले तीव्र रूपमा काम गरिरहेको छ।

**चार सयले गरे बिदाको दुरुपयोग**

समितिले छ महिना त्रिविका सबै निकायमा पुगेर खोजबिन गर्दा ४०० प्राध्यापकले दुरुपयोग गरेको भेटिएको हो। समितिले ताकेता गरेपछि अहिले अध्ययन बिदाबाट नफर्किएका प्राध्यापकले धमाधम रकम फिर्ता गर्न थालेका छन्। हालसम्म ४४ जनाले निवेदन दिएको र तीमध्ये २० जनाले साढे छ करोड रकम फिर्ता गरेको समितिका संयोजक डा काफ्लेले जानकारी दिए।

उनले भने, "अहिले २० जनाबाट साढे ६ करोड रकम उठिसकेको छ। अरुलाई पनि हामीले पत्राचार गरिरहेका छौँ।" अध्ययन बिदामा बसेर नफिर्किने शिक्षक र कर्मचारी अहिले करिब चार सय पुष्टि भएको तथा अझै केही केशहरू पनि आइरहेकाले यो सङ्ख्या झन्डै पाँच सय पुग्ने बताइन्छ।

विश्वविद्यालयको नियममा पाँच वर्षसम्म अध्ययन बिदामा बस्न पाउने प्रावधान छ। तीन वर्षसम्म अध्ययन बिदा पूरा गरेकाले कम्तीमा तीन वर्ष र सोभन्दा बढी बिदा उपभोग गरेकाले कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने व्यवस्था छ। बिदामा बस्दा शिक्षकले नेपाली कागजमा फर्किने कबुलियतनामा गरेको हुन्छ। नफर्किएमा जायजेथाबाट भए पनि खाएको रकम असुल गर्ने भनिएको छ। तर, २०४५ सालदेखि अध्ययन बिदामा गएका त्रिविका शिक्षक फर्किएका छैनन्।

धेरैजसो प्राध्यापकको खाएको तलबभन्दा ब्याज बढी भएपछि फिर्ता गर्न आनाकानी गरिरहेका छन्। यसमा के गर्ने भनेर त्रिवि पदाधिकारीले छलफल गरिरहेको छ। शिक्षाध्यक्ष डा केसीले त्रिविलाई अझै पनि अध्ययन बिदा दुरुपयोग गर्नेलाई कानुनी दायरामा ल्याउन तथा प्रतिवेदन कार्यान्वयनका चुनौती र छिद्रहरू रहेकाले जवाफदेही बनाउनका लागि सरकार, नागरिक समाज र सञ्चारमाध्यमको साथ र सहयोगको जरुरी भएको उल्लेख गरे।

अध्ययन बिदा लिएपछि क्याम्पस कार्यालयमा नफर्कने शिक्षक तथा कर्मचारीको सङ्ख्या अध्ययन संस्थानतर्फ सङ्कायतर्फको भन्दा तुलनात्मक रूपमा बढी देखिएको समितिले उल्लेख गरेको छ। त्रिविका केही शिक्षकहरूले स्वीकृत अध्ययन बिदा लिएपछि निर्धारित समयमा अध्ययन पूरा नगरेको तथा बिदा समाप्त भएपछि क्याम्पस वा विभागमा पुनः नफर्किनुले अध्ययन बिदाको मूल उद्देश्य नै विफल भएको समितिको ठहर छ।

त्रिविको नियममा शिक्षक लगातार ९० दिनसम्म बिनासूचना क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सकिने भनिएको छ। विदेशबाट राजीनामापत्र त्रिविमा पठाउने तर रकम भने फिर्ता गर्दैनन्।

**यी हुन् समितिले खोजबिन गरेका क्याम्पस**

अध्ययन बिदामा बसेर नफर्केका शिक्षक/कर्मचारीको खोजबिन समितिले अहिलेसम्म खोजबिन गरेका क्याम्पसहरूमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कृषि र पशु विज्ञान अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान, चिकित्साशास्त्र अध्ययन संस्थान, रसायनशास्त्र केन्द्रीय विभाग, प्राणीशास्त्र केन्द्रीय विभाग, भौतिकशास्त्र केन्द्रीय विभाग, वनस्पतिशास्त्र केन्द्रीय विभाग, भूगर्भशास्त्र केन्द्रीय विभाग, जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, माइक्रोबायोलोजी केन्द्रीय विभाग, गणित केन्द्रीय विभाग, तथ्याङ्कशास्त्र केन्द्रीय विभाग, वातावरण केन्द्रीय विभाग, विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग र बायोटेक्नोलोजी केन्द्रीय विभाग रहेका छन्।

त्यस्तै रत्नराज्यलक्ष्मी क्याम्पस, अमृत क्याम्पस, नेपाल ल क्याम्पस, पुल्चोक क्याम्पस, पुल्चोक, विश्वभाषा क्याम्पस, महेन्द्र रत्न बहुमुखी क्याम्पस, थापाथली क्याम्पस तथा झापाको मेची बहुमुखी क्याम्पस, विराटनगरको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, स्नातकोत्तर क्याम्पस, विराटनगर नर्सिङ क्याम्पस छन्।

## सुदूरपश्चिममा पुराना योजना
# वर्षौंदेखि अलपत्र, नयाँमा धमाधम ठेक्का

**युग संवाददाता**
**धनगढी, ६ वैशाख ।**

आर्थिक वर्ष २०७६/०७७ देखि सुदूरपश्चिम प्रदेश सरकारले नौवटा गौरवका सडक निर्माणका योजना कार्यान्वयनमा ल्यायो। प्रदेशका नौवटै जिल्लाका एउटा-एउटा सडकलाई प्रदेशकै गौरवका योजनाका रूपमा सरकारले अगाडि बढाएको थियो। तर, सात वर्षको अवधि बितिसक्दा एउटा सडक योजनाले पनि पूर्णता पाएको छैन। कुल लम्बाइ ९२२ किलोमिटर रहेकोमा हालसम्म प्रदेश सरकारले गौरवका सडकमा १५२ किलोमिटर मात्रै कालोपत्रे गरेको छ। नौ सडक निर्माणको लागत ३७ अर्ब रहेकोमा सात वर्षको अवधिमा पौने ५ अर्बको मात्रै ठेक्का लागेको छ भने ३ अर्ब १६ करोडको काम भएको छ।

प्रदेश सरकारले गौरवका सडक निर्माणमा ६७ करोड मात्र भुक्तानी गरेको छ। गौरवका सडक योजना कार्यान्वयनमा मुख्य समस्या बजेट नै रहेको कार्यान्वयन गर्दै आएका पूर्वाधार विकास कार्यालयहरूले बताउँदै आएका छन्। बजेटको समस्याले गौरवका योजना अलपत्र परेको अवस्थामा प्रदेश सरकार भने नयाँ बहुवर्षीय ठेक्का लगाउन धमाधम स्रोत सहमति दिँदै आएको छ।

चालु आर्थिक वर्षमा आर्थिक मामिला मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई ५ अर्ब १५ करोड ४३ लाख रुपैयाँ लागतका ७१ वटा आयोजनाको बहुवर्षीय ठेक्का लगाउन स्रोत सहमति दिएको छ। गतवर्ष भौतिक पूर्वाधार विकास मन्त्रालयले ४ अर्ब ९३ करोड ४० लाख रुपैयाँका ८५ योजना बहुवर्षीय ठेक्का लगाउन स्रोत सहमति पाएको थियो।

बहुवर्षीय आयोजनामा स्रोत सहमति दिँदै आएको सरकारले ती योजनाको कार्यप्रगतिबारे भने चासो दिएको छैन। प्रत्येक वर्ष हुने ठेक्कापछि निर्माण व्यवसायीलाई मोभिलाइजेसन खर्च दिनुबाहेक अन्य प्रगति देखिएको छैन। भौतिक पूर्वाधार मन्त्रालयका अनुसार ११ अर्ब ३३ करोड १० लाख ८४ हजार रुपैयाँ विगतकै बहुवर्षीय ठेक्का लागेका सडक र पुल निर्माणको दायित्व आयोजनाको छ। बहुवर्षीय ठेक्कामा रहेका ती १४५ वटा आयोजनामध्ये ७० वटा आयोजनाको त म्याद नै सकिइसकेको छ।

पूर्वाधार विकास कार्यालय डडेल्धुराका प्रमुख नवराज रावल बहुवर्षीय ठेक्का लागेका योजना कार्यान्वयनमा मुख्य तीन समस्या छन्। 'एउटा त निर्माण व्यवसायीले गरेको कामको पनि बजेट अभावका कारण भुक्तानी दिन सकेका छैनौं,' उनले भने, 'कतिय योजनामा निर्माण व्यवसायीको पनि ढिलासुस्ती छ। अर्कोतर्फ, निर्माण सामग्रीको अभावले पनि अपेक्षाअनुसार काम हुन सकेको छैन।'

प्रदेश सरकारले बहुवर्षीय ठेक्काका लागि स्रोत सहमति दिने तर त्यसअनुसार बजेट विनियोजन नगर्ने समस्या पनि छ। गतवर्ष स्रोत सहमति पाएका ८५ आयोजनामा यस वर्ष २ अर्ब २८ करोड ३४ लाख रुपैयाँ विनियोजना हुनुपर्ने थियो। तर, प्रदेश सरकारले ती आयोजनाहरूमा चालुआर्थिक वर्षमा ८१ करोड ३० लाख ४५ हजार मात्रै विनियोजन गरेको थियो।

पुराना बहुवर्षीय आयोजना सम्पन्न नहुने र नयाँ बहुवर्षीय आयोजना थपिँदै जाँदा प्रदेश सरकारलाई पूर्वाधार विकासमा मात्रै वार्षिक बजेटको आधाभन्दा बढी हिस्सा विनियोजन गर्नुपर्ने बाध्यता बन्दै गएको छ। ३० अर्ब हाराहारीको बजेट ल्याउँदै आएको प्रदेश सरकारसँग बहुवर्षीय ठेक्काको दायित्व मात्रै १५ अर्बभन्दा बढी पुगेको छ।


**वीरेन्द्रनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**ठेक्का स्वीकृतिको आशयको सूचना**

**(सूचना प्रकाशन मिति: २०८३/०१/०७)**

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित वोलपत्र आब्हान/प्रस्तावदाता छनौट सम्बन्धि सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्र/प्रस्तावहरुको बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको वोलपत्र/प्रस्ताव न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपसिल:**

**१. वोलपत्र**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (मु. अ. कर तथा पि. एस. वाहेक) |
|---|---|---|---|---|
| 1 | NCB/BM/W/082/083/64 | Construction of Siddhabahira Balak Ko Skul Building Birendranagar-8, Surkhet | Aron Construction Birendranagar 9, surkhet | 31,00,478.18 |

**२. प्रस्तावदाता**

| क्र. सं. | कामको प्रकृति र स्थान | सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाता वा फर्मको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन वीरेन्द्रनगर ८, सुर्खेत | आवाज संस्था, सुर्खेत | |

**प्रमुख प्रशासकीय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# मधुवा रोगको समस्याले किसान चिन्तित

**युग संवाददाता**
**बाँके, ६ वैशाख ।**

बाँकेमा आँपको फल लाग्ने बेला यस वर्ष मधुवा रोगको समस्या देखिएको छ। आँपमा फल लाग्ने मुख्य समयमा नै कीराको समस्या देखिएको जानकी गाउँपालिका-१ का उत्पादक किसान अब्दुल वाजिद साईले बताए।

"फूल फुल्ने समयमै कीराको समस्या देखिएको छ", उनले भने, "आँपको फूल कीराले चुसेर खाएकाले धेरै फल लाग्ने सम्भावना कम छ।" कृषि ज्ञान केन्द्र बाँकेले यस समस्याबाट जुध्न किसानलाई परामर्श र विषादी सिफारिस गर्दै आएको छ। कीराको समस्या देखिनुअघि नै सतर्कता अपनाउनु उत्तम उपाय भएको कार्यालयका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले बताए। "कीराको सङ्क्रमणबाट जोगिन आँपमा फूल लाग्नुभन्दा अगाडि नै आवश्यक विषादीको प्रयोग गर्नुपर्दछ। ढिलो गरी विषादी प्रयोग गर्दा फूलमा क्षति भइसकेको हुन्छ", वरिष्ठ बागवानी विकास अधिकृत पाठकले भने, "कीराको समस्यालाई समयमै नियन्त्रण गर्न नसके जिल्लाको समग्र आँप उत्पादनमा ठूलो ह्रास आउने अवस्था देखिएको छ।"

# अब १५/१५ दिनमा कर्मचारीलाई तलब

**युग संवाददाता**
**काठमाडौँ, ६ वैशाख ।**

सरकारले अबदेखि सरकारी कर्मचारीहरूलाई अर्धमासिक रुपमा तलबभत्ता उपलब्ध गराउने भएको छ ।

गत शुक्रबार अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै यसबारे जानकारी गराएको हो । यसअघि राष्ट्रसेवक सरकारी कर्मचारीहरूको तलबभत्ताको सुविधा महिना भुक्तान भएपछि मासिक रुपमा दिइँदै आएको थियो।


कर्मचारीहरूको सहजताका लागि यस्तो व्यवस्था गरिएको बुझिएको छ। अर्धमासिक रुपमा भुक्तानी गर्ने परिपाटी सुरुवात गर्न नयाँ व्यवस्था लागू गरिएको मन्त्रालयका सहसचिव डा.सुमन दाहालले बताए।

# वन्यजन्तु सप्ताहः सचेतना र संरक्षणमा जोड

**युग संवाददाता**
**कञ्चनपुर, ६ वैशाख ।**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा वन्यजन्तु सप्ताह विभिन्न जनचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमसहित सञ्चालन भइरहेको छ। 'सुरक्षित मानिस, सुरक्षित वन्यजन्तुः जैविक विविधताको सदुपयोग, समृद्धिको सेतु' भन्ने मूल नाराका साथ वैशाख १ देखि सप्ताह मनाइँदै छ।

निकुञ्जका सहायक वार्डेन विनयकुमार झाले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्दै क्षति घटाउने र जैविक विविधताको दिगो उपयोगमार्फत समृद्धि हासिल गर्ने उद्देश्यका साथ कार्यक्रम भइरहेको बताए। उनका अनुसार, निकुञ्जको मुख्य कार्यालय मझगाउँमा सरसफाइ कार्यक्रमसँगै



वन्यजन्तु, वातावरण तथा जैविक विविधताबारे सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिएको छ। स्थानीय समुदाय, विद्यार्थी र सरोकार भएका निकायको सहभागितामा संरक्षणसम्बन्धी जानकारी दिइएको छ।

निकुञ्जका रेञ्जर प्रयास केसीले सोमबार (वैशाख ७) पूर्वी सेक्टर अर्जुनीस्थित पूर्व-पश्चिम महेन्द्रराजमार्ग क्षेत्रमा सरसफाइ कार्यक्रम र वन्यजन्तु, जैविक विविधता र संरक्षणसम्बन्धी कार्यक्रम आयोजना गरी सप्ताह समापन गरिने बताए। वन्यजन्तु सप्ताहका अवसरमा निकुञ्जमा बाह्रसिङ्गा (स्वाम्प डियर) गणना कार्यक्रमसमेत सुरु गरिने उहाँले जानकारी दिए।

गणनाका क्रममा बाह्रसिङ्गाको सङ्ख्या, वासस्थान र आहाराको उपलब्धताबारे विस्तृत अनुगमन गरिने रेञ्जर केसीले बताए। अघिल्लो गणनामा यहाँ बाह्रसिङ्गाको सङ्ख्या दुई हजार ३०३ रहेको पाइएको थियो।

यसपटक संरक्षणका प्रयासलाई थप बढावा दिइएकाले त्यो सङ्ख्या वृद्धि भएको अनुमान गरिएको छ। नेपालमा सन् १९८० को दशकदेखि सुरु भएको संरक्षण अभियानबाट दुर्लभ वन्यजन्तुको संरक्षण र सङ्ख्या वृद्धिमा उल्लेखनीय सफलता हासिल भएको छ। यस्ता उपलब्धि सरकारी, सुरक्षा निकाय, स्थानीय समुदाय र संरक्षण साझेदारबीचको सहकार्यबाट सम्भव भएको निकुञ्ज व्यवस्थापनले जनाएको छ।

# विषादीरहित तरकारी उत्पादनमा किसान

**युग संवाददाता**
**कैलाली, ६ वैशाख ।**

यहाँका किसान विषादीरहित प्राकृतिक तरकारी उत्पादनमा लागेका छन्। मानव स्वास्थ्य र माटो संरक्षणका लागि यहाँका एक सय ४० किसानले विषादीरहित तरकारीखेती गर्न थालेका हुन्। विषादीको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने बुझेपछि प्राकृतिक तरकारी खेतीतर्फ लागेको किसानहरू बताउँछन्। ती किसानले आठ वटा कृषक समूह बनाएर तरकारी खेती गरिरहेको जनाएका हुन्।

टीकापुर– १ को वनगाउँ र शङ्करपुर, वडा नं २ को राजीपुर र सीतापुर, वडा नं ३ को घीया, वडा नं ५ नुक्लीपुरमा समूह बनाएर तरकारी खेतीतर्फ लागेका हुन्। टीकापुर-१ वनगाउँस्थित असल चमेली कृषक समूहका अगुवा किसान मीनबहादुर चौधरीले विषादी न्यूनीकरण र सुरक्षित खाद्य तत्व संरक्षणका लागि तीन वर्षदेखि खेती गर्न थालिएको बताए।

"माटोको उर्वरा शक्ति बढाउने, बढी उत्पादन लिने र जैविक जीवाणु संरक्षण तथा स्वस्थ तरकारी उत्पादनमा जैविक प्राकृतिक खेतीमा लागेका छौँ", उनले भने, "हामीले नजानेर माटो र स्वास्थ्यमा खेलवाड गरिरहेका रहेछौँ भन्ने बुझेपछि यसतर्फ लागेका हौँ। खेतीमा रासायनिक मल र विषादी हाल्दैनौँ, घरमै जैविक विषादी बनाएर प्रयोग गरिरहेका छौँ।"

किसानले घरमै जैविक, घरेलु मल बनाउने गरेका छन्। मल बनाउन झारपात, सडेगलेका तरकारी, पिसाब आदि प्रयोग गरिन्छ। वनगाउँमा रहेको कृषक समूहमा १५ जना किसान आबद्ध छन्। यी किसान कसैले पाँच कट्ठा त कसैले १५ कट्ठा जमिनमा तरकारीखेती गरिरहेका छन्। यतिबेला यहाँका बारीमा काक्रा, फर्सी, लौका, भिन्डी, खुर्सानी, टमाटरलगायतको तरकारी छ। पछिल्लो समय उपभोक्ताले पनि विषादीरहित उत्पादनको महत्व बुझेपछि बारीमै तरकारी किन्ने आइरहेका छन्। बचेको तरकारी टीकापुर बजारमा लाग्ने हाटबजारमा बिक्री गर्ने गरिएको चौधरीले जानकारी दिए।

टीकापुर नगरपालिकाले अर्गानिक तरकारीखेती गर्ने किसानको सहजताका लागि हाटबजारमा छुट्टै 'स्टल' को व्यवस्था गरिदिएको छ। यसरी अर्गानिक खेती गरे पनि बजार मूल्य अन्य तरकारी सरह हुँदा आफूहरू मर्कामा परेको किसानको गुनासो छ। किसान रुबिना चौधरीले विषादीरहित र अर्गानिक तरकारीको मूल्य फरक हुनुपर्ने बताए।

"हामीले मानव स्वास्थ्य र वातावरण संरक्षणमा योगदान पुग्ने गरी उत्पादन गरिरहेका छौँ, तर बजार मूल्य भने अन्य तरकारीजस्तै छ", उनी भन्छन्, "यसले हामी मारमा परिरहेका छौँ। अब सबैले हाम्रो मेहनत बुझ्नुपर्छ, विषादी नहालेको तरकारी उत्पादक किसानलाई प्रोत्साहन गर्न उपभोक्ता र सरकार पनि गम्भीर बन्नुपर्छ।"

किसानको जीविकोपार्जनमा सुधार र उपभोक्ताका स्वास्थ्य लाभका लागि प्राकृतिक तरकारीखेतीमा लाग्न सेवक नेपाल नामक संस्थाले सहयोग गरिरहेको छ। यसमा टीकापुर नगरपालिकाको पनि सहकार्य छ।

सेवक नेपालका परियोजना अधिकृत प्रेम चौधरीले संस्थाले समूहमा आबद्ध एक सय ४० जना किसानलाई प्राकृतिक खेतीका लागि बीउबिजन, प्रविधि र अन्य प्राविधिक सहयोग गरिरहेको बताए। किसानलाई विषादी र रासायनिक मल प्रयोग गर्न नदिन सचेत गराउनुका साथै विकल्पका रूपमा स्थानीयस्तरमै पाइने सामग्री प्रयोग गरी झोल मल बनाउन सिकाइएको उनले जानकारी दिए।

# होर्मुजमा...

क्रूज जहाजलाई नष्ट गर्ने धम्की दिएको छ। अर्को घटनामा अज्ञात प्रक्षेप्यले एक जहाजमा प्रहार गर्दा कन्टेनरहरू क्षतिग्रस्त भएका छन्, यद्यपि आगलागी भएको छैन।

यसै क्रममा भारतले जल डमरूमध्यमा आफ्ना झण्डा बोकेका दुई जहाजमाथि भएको गोलीकाण्डप्रति कडा आपत्ति जनाउँदै नयाँदिल्लीस्थित इरानी राजदूतलाई बोलाएर विरोध दर्ता गराएको छ। कूटनीतिक पहलहरू पनि जारी छन्। पाकिस्तानसँगको मध्यस्थतामा संलग्न इजिप्टले चाँडै नै अन्तिम सम्झौता सम्भव हुने आशा व्यक्त गरेको छ। वार्ताका प्रमुख अवरोधका रूपमा इरानको उच्च स्तरसम्म समृद्ध गरिएको युरेनियमको भण्डार र होर्मुज जल डमरूमध्यको नियन्त्रणलाई लिइएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानले ४४० किलोग्राम समृद्ध युरेनियम हस्तान्तरण गर्न सहमति जनाएको दाबी गर्नुभएको छ, तर इरानले त्यसलाई अस्वीकार गर्दै यस्तो प्रस्ताव कहिल्यै वार्तामा नआएको स्पष्ट पारेको छ। इरानी विदेश मन्त्रालयका अनुसार उक्त भण्डार सुरक्षित स्थानमा रहेको छ र कुनै पनि हालतमा अमेरिकालाई सुम्पिने योजना छैन।

**Vacancy Announcement**

Modern Public School, located at Birendranagar 1, Surkhet is looking for some qualified, dynamic and dedicated individuals for the following positions:

**Position:** Secondary level Teachers
(Math/English/Science/Nepali/Social)

At least Bachelor Degree holders with Teaching experience can contact 9858051072 within seven days.

**Salary:** Rs. 30,000 -45,000 and grade facility.

**Contact :**
**Modern Public School**
**Birendranagar 1, Surkhet**
**Phone no. : 9858051072**




**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।